विक्रम संवत् १९२८ देखि निरन्तर प्रकाशित ● गणतन्त्र नेपालको सम्बन्धी राष्ट्रिय दैनिक

# गोरखापत्र

निरोगी सबै हुन् सबै हुन् सुखीया। सबै भेल देखुन् नहुन् कै दुखीया।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ।

## राष्ट्रिय किसान आयोगको अध्यक्ष एवं सदस्य पदको मनोनयनको लागि दरखास्त पेश गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/११/२७**

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ बमोजिम गठित राष्ट्रिय किसान आयोगको रिक्त रहेको अध्यक्ष पद तथा मिति २०७८/१/७ देखि रिक्त हुने देहाय बमोजिमको सदस्य पदको मनोनयनका लागि, सिफारिस गर्न गठित सिफारिस समितिको मिति २०७७/११/२६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित अध्यक्ष एवं सदस्य पदको मनोनयनको लागि देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र *(आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र)* यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा, बोर्ड संस्थान समन्वय डेस्क, सिंहदरवार काठमाण्डौंमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ /०७७।७८ | अध्यक्ष | १ जना | मान्यता प्राप्त विश्वविधालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरह उतिर्ण भएको, पैतिस बर्ष उमेर पुरा भएको। |
| २/०७७।७८ | किसान प्रतिनिधि-सदस्य | ३ जना (किसान प्रतिनिधिहरु मध्ये १ जना महिला सहित) | व्यवसायिक वा सामुहिक कृषि कार्यमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेको, ३० वर्ष उमेर पुरा भएको। |
| ३/०७७।७८ | कृषि सहकारीमा आबद्ध किसान-सदस्य | १ जना (कृषि सहकारीमा आबद्ध किसान प्रतिनिधिहरु मध्येबाट) | कृषि सहकारीमा आबद्ध भई व्यवसायिक वा सामुहिक कृषि कार्यमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेको,३० वर्ष उमेर पुरा भएको। |
| ४/०७७/७८ | कृषि विज्ञ-सदस्य | १ जना | कृषि/पशुपन्छी/खाधप्रविधि/जैविक प्रविधि विषयमा कम्तिमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव हाँसिल गरेको, ३० वर्ष उमेर पुरा भएको। |

**१. दरखास्त पेश गर्ने प्रकृया**

आवेदन फारम साथ आफुले मनोनित हुनचाहेको सूचना नं स्पष्ट उल्लेख गरी देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ख. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, (विदेशी विश्विध्यालयबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाण पत्र) अनिवार्य पेश गर्नुपर्ने छ।

ग. वैयक्तिक विवरण (CV)

घ. आफुलाई सम्बन्धित पदाधिकारीमा मनोनयन गर्नुपर्नाको कारण क) सूचना नं २ बमोजिमको किसान सदस्यको हकमा कृषि कार्यमा कम्तिमा ५ बर्षको अनुभव प्राप्त गरेको व्यहोरा खुल्ने कागजात।

ङ. सूचना नं ३ बमोजिमको सहकारीमा आवद्ध किसान सदस्यको हकमा मान्यता प्राप्त निकायबाट जारी गरिएको सहकारी सँस्था दर्ताको प्रमाण पत्र साथै उक्त सहकारीको सदस्य रहेको व्यहोरा खुल्ने कागजात सहित सो क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव प्राप्त गरेको व्यहोरा खुल्ने कागजात।

च. आयोगको अध्यक्ष एवं विज्ञ सदस्यको हकमा आयोगलाई एक उत्कृष्ट संस्थाको रुपमा विकास गरी किसानको हक हितका निमित्त नेपाल सरकारलाई सुझाव दिन ५००० शब्दमा नबढाई तयार पारिएको व्यवसायिक कार्ययोजना ३ प्रति पेश गर्नुपर्ने छ।

छ. आफुले दरखास्त दिन चाहेको सुचना नं स्पष्ट उल्लेख गरी दरखास्त दस्तुर बुझाएको भौचर निवेदनसाथ पेश गर्नुपर्नेछ।

**२. दरखास्त दस्तुर**

दरखास्त दस्तुर बापत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कोड नं ३१२००३५०१ राजश्व खाता ००१००५१६२००००० राजश्व शिर्षक १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक लि. सिंहदरवार शाखामा अध्यक्षको हकमा रु ३०००।– (अक्षेरुपी रु तीन हजार मात्र) र सदस्यको हकमा रु २०००।– (अक्षेरुपी रु दुईहजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नेपर्ने छ।

**३. अन्य विवरण**

क. सिफारिस समितिले कुनै कारण उल्लेख गरी पदाधिकारी मनोनयनको सिफारिस सम्बन्धि सूचना स्थगित वा रद्ध गर्न सक्ने छ।

ख. सिफारिस सम्बन्धि सम्पूर्ण अधिकार सिफारिस समितिमा निहित रहनेछ।

ग. आवेदन फारम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाईट www.moald.gov.np बाट Download गर्न सकिनेछ। अन्य थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कर्मचारी प्रशासन शाखा, बोर्ड संस्थान समन्वय डेस्क वा मो नं ९८६३६३२५८५ मा सम्पर्क गर्न सकिने छ।